आज मिति २०७८/०२/०७ गते शुक्रबारका दिन प्रमुख जिल्ला अधिकारी श्री सुरेश न्यौपानेज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्को निर्णयानुसार) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारी ढङ्गले गर्नको लागि गठित District Covid-19 Crisis Management Center संरचनाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | - श्री सुरेश न्यौपाने | - अध्यक्ष |
| सहायक प्रमुख जिल्ला अधिकारी | - श्री ऋद्धि प्रकास सिटौला | - सदस्य |
| प्रमुख सेनानी | - श्री विजय थापा | - सदस्य |
| प्रहरी नायब उपरीक्षक | - श्री मनोज कुमार लामा | - सदस्य |
| सशस्त्र प्रहरी नायब उपरीक्षक | - श्री नारायण प्रसाद पौडेल | - सदस्य |
| जिल्ला समन्वय अधिकारी | - श्री डिग बहादुर कार्की | - सदस्य |
| अनुसन्धान अधिकृत | - श्री श्रीभजन राय | - सदस्य |
| मे.सु., सिन्धुली अस्पताल | - डा. उमेश प्रधान | - सदस्य |
| बरिष्ठ जनस्वास्थ्य अधिकृत | - श्री जितेन्द्र कुमार शाह | - सदस्य |
| सभापति, नेपाल रेडक्रस सोसाईटी, सिन्धुली | - श्री अशोक श्रेष्ठ | - सदस्य |

## विशेष आमन्त्रित

माननीय श्री प्रदिप कटुवाल, ने.क.पा. (एमाले) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री लेखनाथ दाहाल, ने.क.पा. (माओवादी केन्द्र) जिल्ला अध्यक्ष एवं प्रदेश सभा सदस्य

माननीय श्री विनोद खड्का, प्रदेश सभा सदस्य

जिल्ला समन्वय प्रमुख श्री शंकरराज वर्मा तिवारी, जिल्ला समन्वय समिति, सिन्धुली ।

नगर प्रमुख श्री खड्ग बहादुर खत्री, कमलामाई नगरपालिका, सिन्धुली ।

श्री महेन्द्र देव श्रेष्ठ, ने.क.पा. एमाले ।

श्री माणिक ढकाल, नेपाली कांग्रेस

श्री दीर्घ राज श्रेष्ठ, जनता समाजबादी पार्टी, केन्द्रिय सदस्य

श्री शुक्र बहादुर विशंखे, राष्ट्रिय प्रजातन्त्र पार्टी

अध्यक्ष श्री प्रल्हाद पोखरेल, सिन्धुली अस्पताल विकास समिति, सिन्धुली ।

श्री पूर्ण बहादुर खड्का, वडा अध्यक्ष, क.न.पा-५, सिन्धुली ।

श्री उज्वल कुमार थापा, वडा अध्यक्ष, क.न.पा.-६, सिन्धुली ।

श्री अमरेशचन्द्र वैदार  अध्यक्ष उद्योग बाणिज्य संघ, सिन्धुली ।

श्री कृष्णहरि घिमिरे, अध्यक्ष, नेपाल पत्रकार महासंघ

श्री नवराज पहाडी, गैर सरकारी संस्था महासंघ

श्री दिपक घिमिरे, सिड्स नेपाल –

श्री दुर्गा पौडेल, रिलिफ नेपाल

निर्णयहरु:

१. सिन्धुली जिल्लामा पनि कोरोना संक्रमितको संख्या दिनानु दिन बढिरहेको, सोका कारण मृत्यु हुनेको संख्या पनि बृद्धि हुँदै गएकोले शव व्यवस्थापनमा समेत कठिनाइ उत्पन्न हुँदै गइरहेको छ । कोरोनाका कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिइएको र नेपाली सेनाले शव व्यवस्थापन गर्न जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने तर नेपाली सेनासँग अतिरिक्त सवारी साधन नभएको कारणले शव व्यवस्थापन गर्न जान कठिनाइ भएको हुँदा जिल्लामा रहेका सरकारी कार्यालय, संस्थान, आयोजनाहरुको सवारी साधन आलोपालो गरी प्रयोग गर्नका लागि सबै सरकारी कार्यालय, संस्थान, आयोजनालाई एक वटा सवारी साधन पठाई दिन अनुरोध गर्ने । उक्त सवारी साधन आलोपालो गरी DCCMC मा राख्ने र आवश्यक परेको समयमा नेपाली सेना बोक्न प्रयोग गर्ने ।

२. कोरोना संक्रमणको दर उच्च हुँदै गइरहेको र मृत्यु हुनेको संख्या पनि बढ्दै गएकोले यस जिल्ला भर लागू गरिएको निषेधाज्ञाको मिति २०७८/०२/०८ गते राती १२:०० बजे समाप्त हुने भएकोले कोरोनाको थप संक्रमण बढ्न नदिन Chain Break गर्नु पर्ने भएको हुँदा मिति २०७८/०२/०८ गते राती १२:०० बजे देखि मिति २०७८/०२/१८ गते राती १२:०० बजे सम्म निषेधाज्ञा थप गर्न सिफारिस गर्ने ।

३. गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार, काठमाडौंको चलानी नं. ३२६८ मिति २०७८/०२/०५ गतेको पत्रानुसार विभिन्न जिल्लामा कोभिड उपचार रोकथाम तथा नियन्त्रणको नाममा आफू खुशी रकम जम्मा गर्ने अभियान चलेको भन्ने सूचना प्राप्त हुन आएको भनि उल्लेख भइ आएकोले त्यस्ता कार्यलाई निरुत्साहित गर्न कसैले स्वेच्छिक रुपमा रकम जम्मा गरी सहयोग गर्न चाहेमा राष्ट्रिय बाणिज्य बैंक, सिंहदरबार, शाखामा रहेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको खाता नं. १९६०००००११०१ मा रकम जम्मा गर्न सबै सरोकारवाला व्यक्ति तथा संघसस्था हरुलाई अनुरोध गर्ने ।

४. शव व्यवस्थापन~~मा~~ स्थल प्रयोग हुने सामग्रीहरुको रेखदेख गर्न एक जना कर्मचारी खटाइ दिनको लागि कमलामाई नगरपालिकालाई अनुरोध गर्ने ।

२०७८।२।६